# थप पाठ्य सामग्री मूल्याङ्कन सम्बन्धी पाठ्यक्रम विकास केन्द्रको सूचना

मौजुदा शिक्षा ऐन तथा शिक्षा नियमावलीमा उल्लेख भएअनुसार विद्यालयले थप पाठ्य सामग्री तथा पाठ्य पुस्तक प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान अनुसार शैक्षिक सत्र २०७६ देखि लागु हुने गरी थप पाठ्य सामग्रीका रूपमा सामग्रीहरू स्वीकृत गर्न चाहने प्रकाशक तथा लेखकहरूले २०७५ साल असोज मसान्तभित्र स्वीकृतिका लागि आवश्यक कागजातसहित निवेदन पेस गर्न सूचना प्रकाशन गरिएको छ ।

तपसिल बमोजिमको सेवा शुल्क (राजस्व) राष्ट्रिय वाणिज्य बैङ्क पुरानोठिमी भक्तपुरमा रहेको राजस्व खाता नम्बर क १–१–००६ राजश्व शीर्षक नम्बर १४२२३ र पाठ्यक्रम विकास केन्द्रको कार्यालय कोड नम्बर २९–३५०–०२ मा रकम दाखिला गरेको भौचरको सक्कल प्रति सहित थप पाठ्य सामग्री यस केन्द्रमा पेस गर्नुपर्ने व्यहोरा जानकारी गराइएको छ ।

## तपसिल

| **क्र.स.** | **कक्षा** | **प्रति सामग्री राजस्व दर (रू)** | **कैफियत** |
|---|---|---|---|
| १ | प्रारम्भिक बाल शिक्षा कक्षा देखि कक्षा ३ सम्म | १०,०००।– | |
| २ | कक्षा ४ देखि कक्षा ८ सम्म | १५,०००।– | |
| ३ | कक्षा ९ देखि कक्षा १० सम्म | १७,०००।– | |
| ४ | कक्षा ११ देखि कक्षा १२ सम्म | २०,०००।– | |

**मूल्याङ्कनका लागि थप पाठ्य सामग्री पेस गर्दा अपनाउनुपर्ने विधि तथा सर्तहरू :**

- लेखक वा प्रकाशकले  प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्मका विद्यार्थीको सिकाइ सहजीकरणका लागि कक्षाकोठामा प्रयोग गर्ने उद्धेश्यले तयार पारेका मुद्रित तथा डिजिटल सामग्री स्वीकृतिका लागि पेस गर्नुपर्ने छ । निर्धारित पाठ्यक्रम संरचना अनुसार तयार नभएका वा पाठ्यक्रमले तोकेभन्दा बाहेक विभिन्न विषयलाई एउटै विषयमा समेटी तयार पारिएका सामग्री स्वीकृत हुने छैनन् ।
- विषयवस्तु, अभ्यास, चित्र, लेआउट डिजाइन सहितको पूर्ण स्वरूपका  सामग्री (complete documents) ३/३ प्रतिका दरले पेस गर्नुपर्ने छ । अपूर्ण स्वरूपका  सामग्री उपर कुनै कारवाही हुने छैन ।

- थप पाठ्य सामग्रीमा सामग्रीको नाम, लेखकको नाम र नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको मूल्यसमेत राख्नुपर्ने छ ।
- निवेदन साथ लेखकले लेखन/प्रकाशनका लागि दिएको स्वीकृति र व्यक्तिगत विवरणसमेत अनिवार्य पेस गर्नुपर्ने छ ।
- आधारभूत तहका लागि कम्तिमा स्नातक र माध्यमिक तहका लागि कम्तिमा स्नातकोत्तर तथा शिक्षण, प्रशिक्षण वा अनुसन्धानको क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको लेखक हुनुपर्ने छ ।
- थप पाठ्य सामग्री प्रकाशन गर्दा केन्द्रको प्रकाशन शैली र नेपाली भाषा वर्णविन्यास सम्बन्धी पछिल्लो निर्णयलाई अनुसरण गर्नुपर्ने छ ।
- पाठ्य सामग्रीमा लेखकको नाम र शैक्षिक योग्यता बाहेक तस्वीर तथा अन्य विवरण राख्न पाइने छैन ।
- परीक्षामुखी गाइड र गेस पेपर जस्ता सामग्रीको मूल्याङ्कन गरिने छैन ।
- व्यक्ति लेखक/प्रकाशक भएको हकमा PAN मा दर्ता भएका एवम् निजी प्रकाशन गृह भएको हकमा नियमानुसार दर्ता भएको, कर तिरेको र नविकरणसमेत भएको हुनुपर्ने छ ।
- तोकिएको समयावधिभन्दा पछि पेस हुन आएका थप पाठ्य सामग्रीहरूलाई मूल्याङ्कन प्रक्रियामा समावेश गराइने छैन ।

थप जानकारीका लागि फोन : ६६३४९१६, ६६३०५८८